मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २४५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन ६ गते आइतबार (Sunday, 21 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## इजरायल जान नेपालबाट १५ सयको आवेदन

**झापा, साउन ५ ।** इजरायल जानका लागि करीब १ हजार ५ सय युवाले फारम भरेका छन् ।

केयर गिभरका लागि इजरायलले ८ सय जनाको माग गरेकोमा हालसम्म १ हजार ५ सयले फारम भरेको वैदेशिक रोजगार विभागले जनाएको छ ।

इजरायलमा केयर गिभरमा काम गर्नका लागि ८ सय नेपाली श्रमिक लैजानका लागि असार ११ गतेदेखि आवेदन आह्वान गरेको छ । फारम भर्ने अन्तिम म्याद यहि साउन ११ गतेसम्म छ ।

इजरायलमा जीटूजी अर्थात नेपाल सरकारले नै श्रमिक पठाउँदै आएको छ । जीटूजी अन्तर्गत कुनै शुल्क लाग्दैन ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रधानमन्त्रीले आज विश्वासको मत लिने

**काठमाडौँ, साउन ५ ।** प्रतिनिधिसभाको आइतबार (आज) बस्ने बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिँदैछन् । संसदमा कुनै पनि दलको बहुमत नभएको अवस्थामा दुई वा सोभन्दा बढी दलको समर्थनमा नियुक्त प्रधानमन्त्रीले पदमा नियुक्त भएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।



आइतवार दिउँसो १ बजे प्रतिनिधिसभाको बैठक राखिएको छ । उक्त दिनको बैठकमा विश्वासको मत लिने कार्यसूची राख्न प्रधानमन्त्री ओलीले यही असार २ गते संघीय संसद् सचिवालयलाई पत्राचार गरिसकेका छन् । नेपालको संविधानको धारा ७६ को उपधार (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ को उपधारा (४) बमोजिम त्यसरी नियुक्त गरिएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने प्रावधान रहेको छ ।

नेपाली कांग्रेस र नेकपा (एमाले)बीच गत असार १७ गतेको सहमतिका आधारमा एमालेका अध्यक्ष ओली नेपालको संविधानको धारा ७६ (२) बमोजिम गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका हुन् ।

दुई ठूला दलबीचको सहमतिपछि अल्पमतमा परेका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गत असार २८ गतेको संसद् बैठकमा विश्वासमा मत प्राप्त गर्न सकेनन् । नयाँ प्रधानमन्त्री ओलीको विपक्षमा नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा (एकीकृत समाजवादी) रहने स्पष्ट देखिएको छ, भने कांग्रेस, एमालेसहित अधिकांश दलले विश्वासको मत दिने देखिएको छ ।

एमालेले आफ्ना अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको विश्वासको मतदान हुने दिन अनिवार्य उपस्थित हुन र पक्षमा मत दिन ह्वीप जारी गरिसकेको छ । सोही विषयमा निर्णय लिन नेपाली कांग्रेस संसदीय दलको बैठक आइतबार बिहान बस्दैछ ।

**एमालेद्वारा 'ह्वीप'**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई विश्वासको मत दिन ह्वीप

*(बाँकी अन्तिम पृष्ठमा)*

## पिकअप भ्यानसहित काठ बरामद

**बिर्तामोड, साउन ५ ।** शिवसताक्षी नगरपालिका -१० स्थित टेक्राबाट सखुवाको काठ लोड गरिएको अवस्थामा पिकअप भ्यान बरामद भएको छ ।

अस्थाई प्रहरी चौकी माईधारको प्रहरी टोली र गैंडे सामुदायिक वन उपभोक्ता समितिको संयुक्त टोलीले गस्ती गर्दै जाने क्रममा कनकाई माई खोलाको बगरबाट सखुवा जातको चिरान काठसहित पिकअप भ्यान नियन्त्रणमा लिएको हो ।

शिवसताक्षी र कनकाई नगरपालिकाबीच भएर बग्ने कनकाई नदीको बहावमा बाँस तथा ट्यूबको जाली बनाएर साखु जातको काठ चोरी तस्करी हुँदै आएको छ । कनकाई नदीमा बगाएर तस्करले ल्याउँदै गरेको चिरान काठ प्रहरीले दैनिकजसो बरामद गर्न थालेको छ । कनकाई नदीमा गाडी टायर र ट्यूबमा बाँधी अवैध रूपमा चिरान काठ बगाई ल्याइरहेको भन्ने गोप्य सूचनाको आधारमा अस्थायी प्रहरी चौकी माईधारबाट खटिएको प्रहरी टोली र गैंडे सामुदायिक वन उपभोक्ता समितिसहितको टोलीले खोजी गरेको थियो ।

त्यसक्रममा अन्दाजी ५७ हजार बराबरको १९ क्युफिट चिरान काठ फेला परेको थियो । काठ नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि गैंडे सामुदायिक बन उपभोक्ता समितिलाई बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।





यसैगरी शनिबार बिहान पिकअप गाडीसहित अवैध सखुवा जातको चिरान काठ बरामद भएको छ । बिहान कबिर ३:३० बजे अस्थायी प्रहरी चौकी माईधारको प्रहरी टोली र गैंडे सामुदायिक वन उपभोक्ता समितिको संयुक्त टोलीले गस्ती गर्दै जाने क्रममा शिवसताक्षी नगरपालिका वडा नं.- १० टेक्रास्थित कनकाई नदी बगरमा मे १ च ६२३६ नं को पिकअप भ्यानमा सखुवा जातको ५२ क्युफिट चिरान काठ (फेन्टा) बरामद भएको हो । अन्दाजी एक लाख ५६ हजार मूल्य बराबरको काठ लोड गर्दै गरेको अवस्थामा फेला पारी नियन्त्रणमा लिने क्रममा संलग्न व्यक्तिहरु गाडी र काठ छाडेर फरार भएका थिए । गाडीसहित उक्त काठलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि गैंडे सामुदायिक वन उपभोक्ता समितिलाई बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यो सँगै यस क्षेत्रमा इलाम जिल्लाका वन क्षेत्रबाट काठ चोरी तस्करी गरेर झापा तथा छिमेकी मुलुक भारतसम्म समेत पुर्‍याउने गरेका छन् । साखु जातका काठ चोरी तस्करी हुने क्रम बढेर गएको बेला प्रहरी र सामुदायिक वन समूहले चोरी तस्करीका काठहरू बरामद गरेपनि यसमा संलग्न मानिस भने फरार हुँदै आएका छन् ।

नदीमा पानीको बहाव बढ्ने जेठदेखि असोजसम्म यस क्षेत्रमा दैनिकका जस्तो साखु जातको काठ चोरी तस्करी हुनेगरेको पाइएको छ । पूर्वकै चर्चित पर्यटकीय स्थल दोमुखामा यस प्रकारका काठ चोरीका घटना घट्नुको साटो बढ्दै गए पनि पर्यटकीय क्षेत्रकै बदनामी भएको भन्दै स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् ।

## कपडा पसलमा आगलागी

**दमक, साउन ५ ।** झापाको दमकमा भएको आगलागीमा २५ लाख रुपैयाँ बराबरको क्षति भएको छ । शुक्रवार साँझ ५:२० बजेको समयमा अचानक बिद्युत सर्ट भई आगलागी भएको थियो ।

दमक नगरपालिका वडा नम्बर -६ का अशोक श्रेष्ठको ४ तल्ले पक्की घरमा दमक-७ का ४७ बर्षीय सञ्जय रौनियारले भाडामा लिएर कपडा पसल सञ्चालन गर्दे आएका थिए । रौनियारको दोस्रो तलाको पूर्वपट्टिको कपडाको गोदाममा अचानक बिद्युतको लाइन सर्ट भई आगलागी हुँदा उक्त गोदाममा रहेको साडी र थान कपडा पूर्ण रुपमा जलेर नष्ट भएको छ । उक्त आगलागीबाट २५ लाख रुपैयाँ बराबरको क्षतिको भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोली, दमक नगरपालिकाको दमकल र स्थानियको सहयोगमा साँझ ५:३० बजे पूर्ण रुपमा आगो नियन्त्रणमा आएको जनाइएको छ । उक्त आगलागीबाट मानवीय र चौपायाको क्षति नभएको र सो आगलागी सम्बन्धमा थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## सरकारी ऋण २४ खर्ब ३४ अर्ब नाघ्यो

**काठमाडौँ, साउन ५ ।** नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण रु. २४ खर्ब ३४ अर्ब तीन करोड नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८०/०८१ मा मात्र रु. एक खर्ब ३४ अर्ब ६८ करोड ४१ लाख सरकारी ऋण थपिएको छ ।

कार्यालयले प्रकाशित गरेको '२०८१ असार मसान्तसम्मको सार्वजनिक ऋणको संक्षिप्त प्रतिवेदन' अनुसार २०८० साउनमा रु. २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर रहेको सरकारी ऋण २०८१ असार समान्तसम्म बढेर रु. २४ खर्ब ३४ अर्ब तीन करोड ६५ लाख पुगेको हो । वैदेशिक मुद्राको समायोजनपछिको बाँकी ऋण दायित्व रु. २४ खर्ब ३३ अर्ब २३ करोड ९४ लाख बराबर छ । गत आर्थिक वर्षको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को आधारमा सार्वजनिक ऋणको प्रतिशत ४२ दशमलव ६५ प्रतिशत बराबर हो ।

कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋणको दायित्व ११ खर्ब ८० अर्ब ९० करोड १८ लाख अर्थात् जिडिपीको २० दशमलव ७० प्रतिशत र बाह्य ऋणको दायित्व रु. १२ खर्ब ५२ अर्ब ३३




करोड ७६ लाख अर्थात् जिडिपीको २१ दशमलव ९५ प्रतिशत पुगेको छ ।

गत आर्थिक वर्ष २०८०/०८१ मा सरकारले जम्मा चार खर्ब ५२ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा असार मसान्तसम्ममा रु. तीन खर्ब ५८ अर्ब दुई करोड ९५ लाख ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ७९ दशमलव ०८ प्रतिशत छ ।

गत आर्थिक वर्षका लागि ऋण परिचालनको लक्ष्यमध्ये आन्तरिक ऋण प्राप्ति ९७ दशमलव ६८ र बाह्य ऋण ५८ दशमलव १० प्रतिशत रहेको छ । आन्तरिकतर्फ रु. दुई खर्ब ४० अर्ब ऋण उठाउने लक्ष्य रहेकोमा रु. दुई खर्ब ३४ अर्ब ४२ करोड उठाइएइको छ भने बाह्यतर्फ रु. दुई खर्ब १२ अर्ब ७५ करोड ऋण उठाउने लक्ष्य रहेकोमा रु. एक खर्ब २३ अर्ब ६० करोड बराबर उठाइएको हो । गत आर्थिक वर्षमा ऋण सेवा खर्चका लागि रु. तीन खर्ब ३० अर्ब वार्षिक बजेट विनियोजन भएकोमा गत असार मसान्तसम्म रु. तीन खर्ब पाँच अर्ब ३७ करोड ७१ लाख बराबर भुक्तानी भएको छ । यो वार्षिक विनियोजनको आधारमा ९२ दशमलव ५४ प्रतिशत बराबर हो ।

कुल गार्हस्थ्य उत्पादनको आधारमा कुल ऋण सेवा खर्च पाँच दशमलव ३५ प्रतिशत बराबर हो । गत आर्थिक वर्षमा सरकारले रु. दुई खर्ब २३ अर्ब ३४ करोड साँवा भुक्तानी गरेको छ भने रु. ८२ अर्ब तीन करोड १७ लाख बराबर ब्याज भुक्तानी गरेको छ ।

## पहिरोले इलाममा ४ परिवार विस्थापित

**इलाम, साउन ४ ।** इलामको सूर्योदय नगरपालिका-५ समाल्बुङमा पहिरोले चार परिवार विस्थापित भएका छन् । २ सातादेखि आएको पहिरोले मेची किनार टोलका लालबहादुर देवान, साखबहादुर देवान, कुसुम देवान र बेदप्रसाद देवानको करिब ४५ रोपनी जग्गा बगाएको हो ।



पहिरो घर नजिकै आएका कारण गोठमा आश्रय लिन बाध्य भएको पीडित लालबहादुरले बताए । पहिरोले लालबहादुरको अलैंची र अमलिसो बगान रहेको २० रोपनी, साखबहादुरको चियाबारी रहेको २० रोपनी र बेल प्रसादको ५ रोपनी जमिन बगाएको हो ।

मेची किनार टोल बिकास संस्थाकी संयोजक जयन्ती गिरीका अनुसार पीडितलाई तत्काल सुरक्षित स्थानमा पुनर्वास गराएर दीर्घकालीन योजनामा लाग्नु पर्ने अवस्था रहेको छ ।

वडाध्यक्ष उर्गेन बम्जनले पहिरो पीडितकामा पुगेर स्थलगत अध्ययन गरी पीडित मध्येका तीन परिवारलाई सुरक्षित स्थानमा अस्थायी स्तान्तरण गरिएको बताए । यस्तै पीडितमध्ये साख देवानलाई अन्यत्रै सार्ने तयारी भइरहेको पनि उनले जानकारी दिए ।

## सशस्त्र प्रहरी :खोज तथा उद्धारदेखि राजश्वसम्म

**धरान, साउन ५ ।** सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ हेडक्वाटर सुनसरीले विपदमा खोज तथा उद्धार, चोरी तस्करी तथा लागूऔषध नियन्त्रण र विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखेर कार्यसम्पादन गर्दै आएको छ ।

गत आर्थिक वर्षमा सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ हेडक्वाटरले विपद् खोज तथा उद्धारका क्रममा कोशी प्रदेशका विभिन्न नदी र खोलामा डुबेका १० जना शव निकालेको जनाएको छ ।

विपदमा फसेकाको खोज तथा उद्धारका लागि कोशी नदीमा नमूना अभ्यास गर्ने क्रममा डुबेका १३ जना र गत चैत २७ गतेदेखि बराहक्षेत्र चतराधाममा सञ्चालन भएको पूर्णमहाकुम्भ मेलामा फसेका १० जनाको जीवित उद्धार गरिएको कार्यालय प्रमुख सशस्त्र प्रहरी उपरीक्षक समेनन्द बज्राचार्यले जानकारी दिए । सोही अवधिमा कार्यालयले विभिन्न चोरी तथा अवैध सामान बरामदका शीर्षकमा



प्रतिवादीलाई कारबाही गरी रु. १७ करोड ९९ लाख १३ हजार चार सय नौ राजश्व सङ्कलन गरेको बज्राचार्यले बताए ।

जिल्लास्थित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बसन्तपुरबाट खटिएको टोलीले जाँच गर्ने क्रममा घुस्की नाकाबाट हरिनगरतर्फ जाँदै गरेको बा १६ प ७६१३ नम्बरको कारबाट रु. एक करोड एक लाख, विशेष सुराकीका आधारमा हरिपुरबाट मकै भनी रु. ४५ लाख ५० हजार बराबरको चिनीलगायत विभिन्न समयमा अवैध सामग्री बरामद गरिएको बज्राचार्यले जानकारी दिए ।

गत आवमा एक सय १५ वटा सडक दुर्घटना हुँदा २७ को मृत्यु, दुई सय ११ जना घाइते भएका छन् । हेडक्वाटरले एक सय ४१ आगलागीका घटनालाई नियन्त्रण गरिएको जनाएको छ ।

एक हजार तीन सय तीन किलो भन्दाबढी गाँजा, ब्राउन सुगर ५७ दशमलव ८३ ग्राम, ट्रामाडोल/ट्रामोल २३ हजार सात सय एक लागूऔषध बरामद गरिएको उपरीक्षक बज्राचार्यले जानकारी दिए ।

सो क्रममा ४२ जनालाई पक्राउ गरी कारबाही गरेका छौं -उनले भने - लागूऔषध ओसारपसारमा दुई एम्बुलेन्स, १२ मोटरसाइकल र एउटा अटोसहित चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि सम्बन्धित निकायमा बुझाएका छौं ।

सङ्कलन भएको रकम राजश्व कार्यालयलाई बुझाई सकिएको बज्राचार्यले बताए । कार्यालयले चोरी तस्करी तथा लागू औषध नियन्त्रण र विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखी कार्य सञ्चालन गरिरहेको उनले जानकारी दिए ।

## अनधिकृत रुपमा आयात गरिएका एक्साइड ब्याट्रीहरु सम्बन्धि सार्वजनिक सूचना

**मिति २०८१/०४/०६**

सिप्रदी ट्रेडिङ्ग प्रा. लि. भारतको कोलकाताबाट उत्पादन हुने एक्साइड ब्याट्रीको नेपालका लागि एकमात्र आधिकारिक डिष्ट्रिव्युटरको रुपमा कार्य गर्दै आएको र नेपाल भर यस कम्पनीबाट एक्साइड ब्याट्रीहरुको बिक्री वितरण हुने गरेको कुरा अवगत नै छ । विभिन्न माध्यमबाट प्राप्त भएको जानकारी अनुसार अनधिकृत रुपमा आयात गरिएका एक्साइड ब्याट्रीहरु समेत बजारमा बिक्रि वितरण भईरहेकोले कम्पनीको गम्भिर ध्यानाकर्षण भएको छ । यसरी अनधिकृत रुपमा आयात भई बिक्री वितरण गरिएको एक्साइड ब्याट्रीको नेपालमा वारेन्टी नहुने र मर्मत सम्भार गर्नुपर्ने भएमा सो कुरा समेत नहुने भएकोले अनधिकृत रुपमा आयात भएका एक्साइड ब्याट्रीहरु खरिद नगर्नु र नगराउँनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । एक्साइड ब्याट्री सम्बन्धि अधिक जानकारीको लागि एक्साइड ब्याट्रीको प्याकिङ्ग बक्समा रहेको कम्पनीको टोल फ्रि नं. १६६००१५५७७७ (नेपाल टेलिकम) र ९८०१५७५७७७ (एनसेल) मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ । साथै एक्साइड ब्याट्रीको वारेन्टी कार्डमा टाँस गरिएको होलोग्रामको जाँच गरी असली एक्साइड ब्याट्रीको बारेमा जानकारी लिन सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

SIPRADI | EXIDE

वरिष्ठ महाप्रबन्धक
पावर सोलुसन विभाग, सिप्रदी ट्रेडिङ्ग प्रा. लि.
थापाथली, काठमाण्डौ

# जलवायु परिवर्तन रोक्न वृक्षरोपण



**अर्जुनधारा, साउन ५।** जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय युवा संघ नेपाल अर्जुनधारा नगर कमिटीले शनिबारदेखि वृहत वृक्षरोपण अभियान शुरु गरेको छ।

अर्जुनधारा -१स्थित निर्माणाधीन शहीद टेक-मान रंगशालाको परिसर क्षेत्रमा अमला, खयर, मसला आदिको बिरुवा रोपेर उक्त अभियानको उद्घाटन गरिएको आयोजक कमिटीका अध्यक्ष धीरज मोक्तानले जानकारी दिए।

'एक युवा पाँच बिरुवा' भन्ने मुख्य नारासहित आगामी भदौ १ गतेसम्म नगरपालिकाभित्रका सबै वडाका विभिन्न स्थानमा सञ्चालन हुने अभियान अर्न्तगत पाँच हजार बढी बिरुवा रोप्ने आयोजकको लक्ष्य रहेको कमिटीका उपाध्यक्ष सुशील भुजेलले जानकारी दिए।

कमिटीका अध्यक्ष मोक्तानको अध्यक्षता र संघका केन्द्रीय सदस्य एवम् झापाका इञ्चार्ज खगेन्द्रराज आङ्देम्बेको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा नेकपा एमाले झापाकी सदस्य तुलशा पोखरेल, संघ झापाका सचिवलाय सदस्य मेरुन योङ्हाङ, नगरसभा सदस्य मदन लिमेल मगर, निवर्तमान वडाध्यक्ष गजाधर खतिवडा, संघका पूर्व केन्द्रीय सदस्य कर्म गोम्देन लगायतले बिरुवा रोपेका थिए।

कार्यक्रममा नेकपा एमाले नगर कमिटी अर्जुनधाराका सचिव श्रीप्रसाद नेपाल, अखिल नेपाल महिला संघ अर्जुनधाराकी अध्यक्ष चन्द्रकला राई, युवा नेता तारा खतिवडा लगायतले आफ्नो धारणा राखेका थिए। कमिटीका उपाध्यक्ष भुजेलले कार्यक्रमको औचित्यसहित स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन उपसचिव युकेश फुयेलले गरेका थिए।

सिसौ, खयर र सिमलको बिरुवा काटिएको अवस्थामा झापाको अर्जुनधारा -१ स्थित निर्माणाधीन शहीद टेक-मान रंगशाला पश्चिमतर्फ सिसौ, खयर र सिमलको तीन वटा बिरुवा काटिएको अवस्थामा फेला परेको छ।

बिरुवा काटिएको विषयबारे आफूहरुले शुक्रबार विहान मात्र जानकारी पाएको र काट्नेहरुको पहिचान नभएको हुँदा त्यस क्षेत्रको निगरानीसँगै खोजी गर्ने कार्य भइरहेको हचुमासा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चन्द्र प्रसाईंले जानकारी दिए।

# 'प्रधानमन्त्रीलाई छुट छैन'



**काठमाडौं, साउन ५।** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले केपी शर्मा ओली नेतृत्वको सरकारलाई सफल बनाउन आफूहरुले साथ दिने बताएका छन्। शनिबार डा.मुक्ति रिजालले लेखेको 'बाबुराम: अ भिजिनरी रिवेल' नामक पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रधानमन्त्री ओली नेतृत्वको सरकारलाई सफल बनाउन कांग्रेसले साथ दिएपनि विगतमा उठाएका मुद्दामा उत्तिकै खह्रो उत्रिने बताएका छन्।

कांग्रेसले विगतमा गिरीबन्धु टि स्टेटको जग्गा प्रकरणमा एमाले अध्यक्ष ओलीको संलग्नता रहेको विषय उठाइरहेको थियो। सोही विषयतर्फ लक्षित गर्दै महामन्त्री शर्माले भने - 'कमरेड केपी ओलीको नेतृत्वमा रहेको सरकारलाई सफल बनाउनका लागि हामी कांग्रेसका सबैले साथ दिन्छौं। तर, उत्तिकै खह्रो भूमिकाका साथ प्रधानमन्त्रीजीलाई कुनै छुट हुनेछैन कि हामी उभिएर विश्वासको मत दिएका छौं, त्यसकारण तपाईंको बारेमा विगतमा उठाएको मुद्दा सबै थन्को लगाउँछौं, त्यो विलकूल होइन।'

दुईवटा ठूला दल मिलेर सरकार बनाउँदा प्रतिपक्षीय स्वर कमजोर हुन्छ कि भनेर आम बौद्धिक क्षेत्रमा चिन्ता बढिरहेको उनले बताए। महामन्त्री शर्माले अब नेकपा (माओवादी केन्द्र) खह्रो ढङ्गले नै प्रतिपक्ष बन्ने बताए।

# यौन तथा प्रजनन् अधिकार सुरक्षित गर्न माग

**काठमाडौँ, साउन ५।** महिला तथा किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गर्न माग गरिएको छ। संविधान प्रदत्त सो अधिकार सुनिश्चित गर्न राज्यले नयाँ नीति बनाउन र यसलाई कार्यान्वयन गर्न माग गरिएको छ।

विशेष गरी लागूपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी हिंसाको जोखिममा पर्ने जनाउँदै यसलाई अन्त्य गर्न राज्यले विशेष नीति तथा कार्यक्रम ल्याउन माग गरिएको हो।

संयुक्त राष्ट्रसंघीय लागूऔषध तथा अपराध नियन्त्रण कार्यालय (यूएनओडिसी), नेपाल परिवार नियोजन संघ, दृष्टि नेपालको संयुक्त सहकार्यमा आयोजित यौन तथा प्रजनन् स्वास्थ्य अधिकार विषयक तालिमका सहभागीले लागूपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी, एचआइभी सङ्क्रमित बढी मात्रामा हिंसामा पर्ने गरेको, अपहेलित हुनुपरेको र राज्यका तर्फबाट आफ्ना लागि बजेट विनियोजन नभएको गुनासो गरेका थिए।

लागूपदार्थ प्रयोगकर्ता महिला तथा किशोरीहरुका लागि यौन तथा प्रजनन् स्वास्थ्य अधिकार कसरी सुनिश्चित गर्ने ध्येयले आयोजित सो दुई दिने तालिममा सुरक्षित गर्भपतन, एचआइभी एड्स तथा यौन सङ्क्रमण, यसको जोखिमता न्यूनीकरणका उपाय तथा सुरक्षित व्यवहारका बारेमा जानकारी पनि दिएको थियो। तालिममा विशेष गरी भर्खर लागूपदार्थ प्रयोग गर्न शुरुआत गरेका, एचआइभी सङ्क्रमित र यौनिक तथा लैगिक अल्पसंख्यक पनि सहभागिता रहेको थियो।

उनीहरुलाई नेपाल परिवार नियोजन संघका सेवा प्रदायक चिकित्सक र विषय विज्ञद्वारा यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका विविध आयमका बारेमा जानकारी गरिएको थियो। तालिमको शुभारम्भमा युएनओडिसी रीना पाठकले महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न यस क्षेत्रमा लगानी बढाउन आवश्यक रहेको बताइन्। उनले भनिन्-महिला तथा किशोरीलाई हिंसाको जोखिम हुन यस्ता तालिम महत्वपूर्ण हुन्छन्।

दृष्टि नेपालका अध्यक्ष परिना सुब्बाले लागूपदार्थ प्रयोगकर्ता महिला तथा किशोरीका लागि राज्यले विशेष कार्यक्रम ल्याउनुपर्ने बताइन्। उनले भनिन् - लागूपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी, एचआभी/एड्स सङ्क्रमित, तेस्रो लिङ्गीको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार रक्षा गर्नु आवश्यक छ।

संघको सञ्चार तथा पैरवी अधिकृत जमुना सिटौलाले सामान्य अवस्थाका साथै विपद्का समयमा ती समुदाय अझ बढी हिंसामा पर्न सक्ने चर्चा गर्दै यस्ता समुदायलाई सेवाबाट बञ्चित हुन नदिन सचेतना आवश्यक पर्ने बताइन्। उनले भनिन् - त्यस्तो अवस्थामा कसरी कहाँ र कोसँग समन्वय गर्ने भन्ने पनि सूचना प्रदान गर्नुपर्छ, यस्तो अवस्थामा संघद्वारा सञ्चालित हेल्पलाइन सेवामा सम्पर्क गर्नुपर्छ।

तालिम पश्चात् सहभागीको पाठेघरको मुखको क्यान्सर (स्क्रिनिङ), यौन सङ्क्रमण तथा अन्य सेवाहरु संघका केन्द्रीय क्लिनिकमा नि:शुल्क उपलब्ध गराइएको थियो।

सञ्चार तथा पैरवी अधिकृत सिटौलाले भनिन् - संघले अब केही दिनभित्र लागूपदार्थ प्रयोगकर्ताको सुधार गृहमा गएर सचेतना साथै स्वास्थ्य शिविर आयोजना गर्न लागेको छ।

तालिममा संघको निमित्त कार्यक्रम निर्देशक प्रमिज थापा, नर्स सत्या भण्डारी, संघको काठमाडौं उपत्यका शाखाका सदस्य रवी श्रेष्ठ, किरण मानन्धर, संघको युवा शाखाका व्यवस्थापक प्रवीण खड्का, संघका मेडिकल व्यवस्थापक डा. ओम महर्जन, डा. इलिजा अर्यालले तालिममा प्रशिक्षण दिएका थिए।

# कन्यादह विस्कुट्ने क्षेत्रको संरक्षण



**भोजपुर, साउन ५।** भोजपुरको पौवादुङमा गाउँपालिका -६ ठूलोदुम्मामा रहेको धार्मिक तथा पर्यटकीय क्षेत्र कन्यादह विस्कुट्ने डाँडाको संरक्षणमा स्थानीय जुटेका छन्। ऐतिहासिक क्षेत्र रहेकोले यहाँको विकास गरेर आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्यले स्थानीयबासी स्वतस्फुर्त संरक्षणमा जुटेका हुन्।

स्थानीयबासीको सकृयतामा यो डाँडामा रहेको ऐतिहासिक कन्यादह, मंगलबारे देवस्थलको संरक्षण भइरहेको छ। यो क्षेत्रको विकासमा जनस्तरबाट काम भइरहेको स्थानीयबासी सुगम राईले बताए। यहाँको कन्यादह तथा मंगलबारे देवस्थलमा दर्शन गरे मनोकाङक्षा पूरा हुने धार्मिक विश्वास रहेको राईले बताए। यहाँको पूजाआजा राम्रो ढंगले नभएमा गाउँमा नै नराम्रो अप्रिय घटना घट्ने उनको भनाइ छ।

देश-विदेशमा जाँदा आफ्नो काम पूरा होस् भन्ने कामनाले धेरैले यहाँको भाकल गर्ने स्थानीयबासी राईले बताए। संरक्षण अभावमा ऐतिहासिक पवित्र क्षेत्र ओझेलमा परेकोले यसको संरक्षण तथा विकासमा जुटेको राईले जानकारी दिए। यो क्षेत्रको निकै ठूलो ऐतिहासिक महत्व रहेको छ - उनले भने - संरक्षण अभावमा यहाँका कतिपय संरचना नामिट हुने अवस्थामा पुगेका छन्। यो स्थानलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकासका गर्न स्थानीयबासी जुटेका छौँ। अहिले कन्यादहको संरक्षणसँगै बृक्षरोपनको काम गरिरहेका छौँ।

ठूलोदुम्मा क्षेत्रमा रहेका आतबारे देवस्थल, सोमबारे देवस्थल र मंगलबारे देवस्थलको निकै ठूलो धार्मिक महत्व रहेको छ। यी क्षेत्रमा विभिन्न समयमा पूजा आजासँगै मेला महोत्सव लाग्ने उनले बताए। मंगलबारे देवस्थल, कन्यादह, विस्कुट्ने डाँडा धार्मिकसँगै रमणीय पर्यटकीय क्षेत्र रहेकोले यहाँ धुपी, असोक, जामुन, आँप, लिचीलगायतका विरुवा रोपनको काम भइरहेको स्थानीयबासीको भनाइ छ।

ठूलोदुम्मा क्षेत्रमा आतबारे, सोमबारे र मंगलबारे गरी तीन वटा देवस्थल छन् - उनले भने - यी धार्मिक क्षेत्रको आ-आफ्नै विषेशता रहेका छ। संरक्षण अभावमा मंगलबारे देवस्थलमा रहेका कन्यादह विस्कुट्ने डाँडा ओझेलमा रहेकोले संरक्षणमा हामी जुटेका हौं।

यो क्षेत्रको विकासका लागि वैदेशिक रोजगारीमा रहेका यहाँका युवाहरुले सहयोग पठाउने गरेको स्थानीयबासी हर्कराज राईले बताए। हालसम्म स्थानीयको श्रमदान र विदेशमा रहेका युवाहरुको सहयोगबाट रु. चार लाख बराबरको काम गरिएको उनको भनाइ छ। यो क्षेत्रलाई संरक्षण गरेर देश विदेशमा चिनाउने योजनाका साथ काममा जुटेको उनले बताए। यो क्षेत्रको विकासमा हामी स्थानीयबासी जुटेका छौँ - उनले भने - विदेशमा रहेर पनि आफ्नो गाँस काटेर सहयोग गरिरहनु भएको छ। यो क्षेत्रको विकास गरेर देश विदेशमा चिनाउने लक्ष्यले संरक्षणको काम गरिरहेका छौँ।

यो क्षेत्रबाट कावा खोला फाँट, धनकुटा जिल्लाको छिन्ताङ, हतुवागढी क्षेत्र, हिले बजार तथा मौसम सफा भएको समयमा विभिन्न ठाउँको मनोरम दृश्य अवलोकन गर्न सकिने स्थानीयबासी संगम राईले बताए। यहाँ आउने मानिसहरुलाई प्राकृतिक सुन्दरताले लोभ्याउने उनको भनाइ छ।

# मृतकका परिवारलाई रू. दुई लाखका दरले राहत निकासा

**झापा, साउन ५।** नसुनी विपद्मा परी ज्यान गुमाएका ६९ जनाका परिवारलाई मापदण्ड अनुरुप रु. दुई लाखका दरले राहत वितरणका लागि जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा गरिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार अहिलेसम्म मृत्यु भएका ६९ जनाका परिवारका लागि एक करोड ३८ लाख निकासा भएको र उक्त रकमबाट कतिपय जिल्लाले प्रक्रिया पुर्‍याएर पीडित परिवारलाई राहत वितरण पनि गरिसकेका छन्।

मनसुनको अवधिमा सबै प्रकृतिका विपद्मा परेर अहिलेसम्म एक सय २५ भन्दा बढीको मृत्यु भइसकेको छ। त्यसमा सबैभन्दा बढी बाढीपहिरो र चट्याङका कारण मानवीय क्षति भएको छ। मनसुनका समयमा देशभर परेको भारी वर्षाका कारण विपद्का घटना बढेपछि उच्च जोखिममा रहेका एक सय २५



जनालाई सुरक्षा निकायद्वारा जीवित्तै उद्धार गर्न सफल भएको पनि प्राधिकरणले जानकारी गराएको छ।

प्राधिकरणका प्रवक्ता उपसचिव डा. डिजन भट्टराईले ओखलढुङ्गा, ताप्लेजुङ, कालीकोट र बझाङ लगायत जिल्लाबाट हेलिकप्टरमार्फत उद्धार गरिएको पनि जानकारी दिए। गएको एक महिनामा भएको मनसुनी विपद्को अवस्था प्रतिवेदन सार्वजनिक गर्दै प्राधिकरणले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रसलगायत संघ संस्थाद्वारा प्रभावित परिवारलाई खाद्यान्न तथा गैरखाद्यान वस्तु वितरण गरिएको जानकारी दिएको छ। प्रतिवेद अनुसार मनसुनबाट प्रभावित परिवारलाई तत्काल राहतस्वरुप रु. १५ हजारदेखि २० हजारसम्म वितरण गरिएको जनाइएको छ। प्रवक्ता भट्टराईका अनुसार रेडक्रसबाट हालसम्म सात सय ४५ थान तारजाली, दुई सय ९५ थान ब्ल्याङ्केट, दुई सय पाँच थान म्याट्रेस, एक सय २५ थान भाँडाकुँडा, एक सय थान झुल, दुई सय २५ थान सरसफाइ किट, एक हजार एक सय ३८ मिटर कपडा उपलब्ध गराइएको र गृह मन्त्रालयमातहत निकायबाट पाँच सय २० थान त्रिपाल, ५० थान टेन्ट, तीन सय थान ब्ल्याङ्केट, एक सय थान म्याट्रेस र ५० थान स्लिपिङ ब्याग उपलब्ध गराइएको छ।

उनले समन्वयात्मक रुपमा विपद् व्यवस्थापनको काम जारी रहेको पनि जानकारी दिए। यसपाली बढी वर्षा हुने आँकलन रहेको थियो। मनसुनको शुरुआत महिनामै भारी वर्षाले जनधनको क्षति गराएको छ।

# खैरोहिरोइनसहित ४ जना पक्राउ

**काठमाडौं, साउन ५।** लागूऔषध खैरो हिरोइनसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौंको बोहोराटार बस्ने २८ वर्षीय विजय बोहोरा, ३७ वर्षीय हरिबहादुर बाँस्कोटा, बूढानीलकण्ठ बस्ने ३६ वर्षीय अनिल तामाङ र ३९ वर्षीया मुस्कान तामाङ छन्।

काठमाडौंको चमतीमा खैरो हेरोइनको कारोबार भइरहेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका सूचना अधिकारी नवराज अधिकारीले जानकारी दिए।

उनका अनुसार उनीहरूको साथबाट १३ ग्राम खैरो हिरोइन, ८० हजार नेपाली रुपैयाँ र एक थान डिजिटल तराजु बरामद भएको छ।


## राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड



## कर्मचारी आवश्यकता

यस **अनन्त परोपकार बचत तथा ऋण सहकारी संस्था लि.** को २०८१ साल आषाढ महिनाको १५ गतेको संस्थाको ८७ औं बैठकको निर्णय अनुसार झापा जिल्लाको विर्तामोड नगरपालिका भरी कार्य क्षेत्र भई विर्तामोड ४, १ कि.मि. केन्द्रिय कार्यालय र विर्तामोड -३ विर्ताबजार तथा विर्तामोड -५ सेवा केन्द्रका लागि केही कर्मचारी आवश्यक रहेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ।

| | |
|---|---|
| पद | : बजार प्रतिनिधि |
| शैक्षिक योग्यता | : एस.ई.ई. वा सो सरह |
| अन्य योग्यता | : साइकल चलाउन जान्ने र सहकारी क्षेत्रमा अनुभव भएकालाई प्राथमिकता दिइने छ। |
| उमेर | : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| विशेष ग्राह्यता | : विवाहित महिलालाई विशेष ग्राह्यता दिइने छ। |
| नियुक्ति | : करार |
| दरखास्त दिने अन्तिम मिति | : श्रावण २० गते २०८१ सम्म |
| सेवा सुविधा | : संस्थाको नियमानुसार |
| आवश्यक कागजातहरु | : हस्त लिखित निवेदन, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि र तालिम तथा अनुभवका प्रमाण पत्र भए सो का प्रतिलिपि र अन्य केही भए सो का समेत प्रतिलिपि |
| परीक्षाको किसिम | : लिखित तथा मौखिक |
| सम्पर्कका लागि | : ०२३-५३५१०४ |

पदपूर्ति उपसमिति


## प्रधानमन्त्रीले...

जारी गरेको छ। एमाले संसदीय दलका मुख्य सचेतक महेश बर्तौलाले पार्टीका सबै सांसदलाई 'एसएमएस' पठाउँदै साउन ६ गते बस्ने प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिन ह्वीप जारी गरेका हुन्।

साउन ६ गते बस्ने प्रतिनिधिसभाको बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले विश्वासको मतका लागि प्रस्ताव पेश गर्नुहुने भएकोले अनिवार्य उपस्थित भई विश्वासको मत माग्ने प्रस्तावको पक्षमा मतदान गर्नुहुन ह्वीप जारी गरिएको जानकारी गराउँदछु- उनले जारी गरेको ह्वीपमा भनिएको छ। संविधानको धारा ७६ (४) बमोजिम प्रधानमन्त्रीले विश्वासको मत लिन लागेका हुन्।

**विश्वासको मत दिँदैनौं : लिङ्देन**

नेकपा एमाले र नेपाली कांग्रेस सम्मेलित संयुक्त सरकारलाई राष्ट्रिय प्रजातन्त्र पार्टीले विश्वासको मत नदिने भएको छ।

पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले यो सरकारलाई अहिले नै विश्वासको मत दिन नमिल्ने बताएका हुन्। अध्यक्ष लिङ्देनले सरकारले संविधान संशोधनलाई प्राथमिकतामा राखेको खण्डमा भने जतिबेला पनि सरकारको सर्मथन गर्ने धारणा राखे।

सरकारले यसलाई प्राथमिकतामा राखेर साँच्चिकै संविधानको बाटो खुला गर्छ र संविधान संशोधनको प्रक्रिया अघि बढ्छ भने हामी जुनसुकै बेला पनि यो सरकारलाई नि:शर्त समर्थन गर्दछौं, - लिङ्देनले भने - तर अहिलेकै ढंगले अघि बढिरहने हो भने तत्काल राष्ट्रिय प्रजातन्त्र पार्टीले यो सरकारललाई विश्वासको मत दिँदैन। संविधानमा नमिलेका धेरै विषय रहेको भन्दै त्यसलाई अब मिलाएर जानुपर्छ भन्ने कुरा आफ्नो पार्टीको रहेको उनको भनाइ छ। अहिलेको सरकार संविधान संशोधन गर्ने उद्देश्यसहित बनेको भन्ने आफूलाई नलागेको लिङ्देनले जिकिर गरे।

## इजरायल ...

वैदेशिक रोजगार विभागका महानिर्देशक डन्डुराज घिमिरेले कुनै व्यक्ति वा संस्थाले अनधिकृत रुपमा पैसा मागेका भरमा नदिन सर्वसाधारणलाई आग्रह गरे।

इजरायल पठाउन निजी क्षेत्रको संलग्नता छैन। इजरायल जान इच्छुकले आउँदो साउन ११ गतेसम्म आवेदन दिनुपर्ने विभागले जनाएको छ।






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# महामनिषी वीपी र जननेता पुष्पलाललाई श्रद्धाञ्जली !

नेपाली कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइराला (वीपी)को साउन ६ र नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको साउन ७ गते स्मृति जयन्ती मनाउने गरिन्छ । यी दबै नेताले स्थापना र नेतृत्व गरेका दल आज देशका पहिलो र दोस्रो छन् । सधैँ झैं यस पटक पनि नेपाली कांग्रेसले वीपी कोइरालाको र कम्युनिस्ट पार्टीका घटकहरूले पुष्पलालको स्मृतिमा देशका विभिन्न भागमा कार्यक्रम गरिरहेका छन् । नेपालको राष्ट्रियता र लोकतन्त्रका लागि यी दुबै नेताको योगदान महत्त्वपूर्ण छ । बहुदलीय व्यवस्था विना र मौलिक हकको अभावमा आजको युगमा कोही पनि मान्छे साँचो अर्थमा नागरिक बन्न सक्दैन भन्ने मान्यतामा यी दुवै जीवनभर रहे र त्यसको प्राप्तिका लागि संघर्ष गरिरहे । नागरिक स्वतन्त्रता, मानव अधिकार र लोकतन्त्रका लागि वीपीले कठोर जेलजीवन बिताउनु परेको थियो भने पुष्पलालले गरीब, मजदुर र सर्वहारा वर्गको हितका खातिर अभाव, पारिवारिक विछोड र दुःखले भरिएको प्रवासको जीवन जिउनुपर्‍यो ।

'कम्युनिस्ट घोषणापत्र'को नेपाली अनुवाद गर्ने पहिलो अनुवादक, मार्क्सवादी इतिहासकार पुष्पलाल श्रेष्ठ सारमा नेपाली कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार हुन् । राजनीतिमा धेरैले उनलाई एक्लो पारे, कहिले आफैं एक्लै रहे । पुष्पलाल नेपालमा नयाँ जनवादको नारा दिने पहिलो कम्युनिस्ट नेता हुन् । नेपाली समाजका ऐतिहासिक सर्वेक्षक पुष्पलाल क्रान्तिको दिशानिर्देश गर्ने विचारक पनि हुन् । ऐतिहासिक भौतिकवादी चिन्तक पनि हुन् । मार्क्सवादी इतिहासकार पनि हुन् । सारमा, उनी नेपाली कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार हुन् । वीपी कोइरालाले बाँचुन्जेल नेपाली कांग्रेसलाई मात्र केन्द्रमा राखेर सोचे र पछिल्लो कालमा राजासँग मेलमिलापको नीतिलाई जोड दिए । राजासँगको लडाइँमा भारतले गम्भीर धोका दिएर अप्ठ्यारोमा पारेपछि र भारतीय स्वार्थका लागि राजासँग भारतले मोलमोलाइ गर्न थालेपछि कोइराला २०३३ सालमा भारतबाट नेपाल फर्के र मेलमिलापको नीतिमा जोड दिन थाले ।

उनको स्वदेश आगमन नेपाली राजनीति र नेपालको लोकतान्त्रिक आन्दोलनका लागि सकारात्मक एवम् महत्त्वपूर्ण घटना थियो । दलहरू प्रतिबन्धित रहेको बेला उनले संवैधानिक राजतन्त्र र मेलमिलापको नारा दिनु त्यस बखतको परिस्थिति ध्यानमा राख्दा कार्यनीतिक रूपमा ठीकै पनि देखिन्छ । २२ अप्रिल १९४९ का दिन नेपाल कम्युनिस्ट पार्टीको जन्म गराउने प्रमुख नेता पुष्पलाल थिए । उनले नेकपाको स्थापना मात्रै गरेर छाडिदिएको भए नेपाली कम्युनिस्ट आन्दोलनले नेपालको राजनीतिक इतिहासमा यति धेरै महत्त्व र शक्ति प्राप्त गर्ने थिएन । पुष्पलालले नेकपालाई सङ्गठनात्मक स्वरूपका साथ अगाडि बढाउने विषयमा पनि सर्वाधिक महत्त्वपूर्ण योगदान गरेका थिए । उनले राष्ट्रियता खतरामा छ, त्यसैले राजा र प्रजातान्त्रिक शक्ति मिल्नुपर्छ भन्ने जोड बाँचुन्जेल दिइरहे । तर, राजा महेन्द्र र वीरेन्द्रले आफ्नो अलोकतान्त्रिक र निरङ्कुश शक्ति घटाएर लोकतन्त्रलाई ठाउँ दिन चाहेनन् । २०४६ सालमा आन्दोलनले बाध्य बनाएपछि मात्र वीरेन्द्र दलहरू माथिको प्रतिबन्ध हटाउन राजी भए । त्यसबेला पुष्पलालको निधन भएको ११ वर्ष र वीपी कोइराला दिवङ्गत भएकै सात वर्ष भइसकेको थियो । वीपी र पुष्पलाललाई बुझेर उनका विचारको अद्यावधिक गर्ने, सामयिकीकरण गर्ने अर्थात् आजको परिस्थिति र सन्दर्भमा उनीहरूका मूल्य-मान्यताबारे व्यापक छलफल चलाउने अनि उनीहरूका विचारलाई व्यवहारमा कार्यान्वयन गर्दै जानु नेपाली कांग्रेस र कम्युनिस्टहरूको कर्तव्य हो । दुबैप्रति उच्च सम्मान र हार्दिक श्रद्धाञ्जली !

# सहकारीहरू यसरी भए असुरक्षित



भुवन तामाङ

हालका दिनमा सहकारीको सुरक्षा चुनौतिपूर्ण बनिरहेको हल्ला सुनिन्छ। सुरक्षा तर कस्तो सुरक्षा ? के सहकारी तोडफोड भइरहेको छ ? सहकारीमा हातहतियार या गोली चलेको छ ? कुटाकुट या मारपिट भएको छ ? जम्मा भएको बचत भल्टबाट चोरिएको छ ? खातापाता या सफ्टवेयर चोरी, नष्ट, नष्ट ह्याक गरिएका छन् ? सहकारीकर्मीहरु अपहरणमा परेका छन् ? तर, यी कुनै पनि भएका छैनन् अनि कसरी सहकारी असुरक्षित भएको हो त ?

खासमा सहकारीमाथि भौतिक क्षति भएरभन्दा पनि सदस्यहरुको बचत रकम सहकारी कै पदाधिकारी र कर्मचारीहरुले मिलेमतो गरी मनमानी हिनामिना, अपचलन गर्नुलाई असुरक्षा मानिँदै आएको छ। आन्तरिक कारणबाट नै सहकारी असुरक्षित भएका देखिएका छन्। हालका दिनमा देशभरका १५ वटा सहकारीहरुलाई समस्याग्रस्त मानिएको छ। ती संस्थाका १२ अर्ब ९९ करोड ६४ लाख रुपैयाँ बराबरको बचत अपचलन भएको एक अध्ययनले जनाएको छ। सदस्यहरुको बचत हिनामिना गर्ने सहकारी सञ्चालक र कर्मचारीहरु नै भएका बताइएको छ। यस्तो अवस्थालाई सहकारीको सुरक्षासँग जोडिएको छ। कारण सदस्यहरुको बचतको सुरक्षा भएन। सहकारी आफैका कारण सहकारीहरु असुरक्षित भइरहेका रहेछन्। बाह्य कारणले होइनन्।

नेपालको संविधान २०७२ ले सहकारीलाई नेपालको अर्थतन्त्रको एक खम्बा मानेको छ, तर खम्बा मक्किँदै छ। के पनि भनिँदैछ भने पालिकाको अधिनमा रहेका धेरै सहकारीहरुभित्र समस्या खडा भएका छन्। यो त निकै अहम् प्रश्न भयो पालिकाहरुका लागि। निश्चय पनि २०४६ सालपछि सहकारीमा उछाल आएको छ। अनि यो पनि भनिन्छ कि सहकारीहरुमा कुनै एक राजनीति पार्टीका धेरै मान्छेहरु सामेल छन् र उनीहरु कै हाली-मुहाली छ। राष्ट्रिय सहकारी विकास बोर्ड, सहकारी संघ, नेपाल सहकारी विकास बैंक लगायतमा उही राजनीतिक पार्टीका धेरै मान्छेहरु सामेल छन् भनिन्छ। उनीहरुका कारण पनि सहकारीमा केही हदसम्म सुरक्षा थ्रेट बढेको मानिन्छ। खासमा सहकारीका सञ्चालकहरुबाटै सहकारी डुब्ने अवस्था आएको छ। विकृतिका बीऊ सञ्चालकहरु नै भए।

ग्रामीण अर्थतन्त्र बलियो बनाउन आएको सहकारीहरुले ग्रामीण अर्थतन्त्रलाई नै धरापमा पार्न थालेका छन्। सिद्धान्त अनुसार सहकारी नाफामुखी संस्था होइन, तर जति नाफा आयो नाफा जति केही सीमित व्यक्तिहरुले झ्वाम् पारिदिन सक्ने भए। पैसाका हिसाबले ठूला सहकारी केही चम्पट ठोकेका छन्।




सहकारी संस्था सदस्यहरुका सेवामा दत्तचित्त रहनुपर्छ भन्ने मान्यताले काम गर्न छाडेको धेरै भयो। सदस्य बाहेक र तोकिएको क्षेत्रभन्दा बाहिर लगानी गर्न नपाइने नियमलाई नटेरी ठूलो रकम लगानी भएका छन्। ती रकम फर्केर आउने सम्भावना कम छ। जानकारहरु भन्छन् त्यसैले सहकारीहरु असुरक्षित छन्।

इजरायल सहकारीबाटै समृद्ध बनेको मुलुक हो। नेपाल पनि त्यसरी नै समृद्ध बन्ला भनेर २०१५ सालमा इजराइली मोडल नेपाल भित्र्याइएको थियो। तर, आज आएर केही सहकारी त नतैरिने गरी डुबिसकेका छन्। यस्तै अवस्था रहिरह्यो भने अधिकांश डुब्न सक्ने अवस्था देखिदैछ। सहकारीले समुदायलाई जोडछ भनिन्छ, तर आजको अवस्था हेर्दा तोडिएको पो देखिन्छ। अनि सदस्यहरुको आर्थिक उन्नति हुन्छ भनिन्छ, तर आर्थिक दुर्गति पो हुँदो छ। हामीले सहकारी जानेनौं कि ? जानेर पनि यसका छिद्र पक्डेर नरिबल बनायौं ? सोचनीय विषय छ। सहकारी शिक्षाले मानिसहरुलाई असल बनाउँछ भनिन्छ। तर, यहाँ त धेरै विकृत प्रवृत्तिका पो देखापर्दा छन्। सहकारी अभियन्ताहरुलाई कस्तो लाग्दो होला ? खुल्दुली योग्य विषय भएन र ?

सहकारी एक आदर्श अभियान हो र सहकारी स्वायत्त संगठन हो, जसमा सदस्यहरु समान आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय आवश्यकता र आकांक्षा पूर्तिका लागि लोकतान्त्रिक विधिबाट सञ्चालित भएका हुन्छन्। सदस्यहरु सहकारीका आफै उपभोक्ता, आफै मालिक, आफूबीचबाटै सञ्चालक छनौट गर्दछन्। लेखा सुपरिवेक्षण समितिमा पनि आफै नै रहन्छन्। आफैले बनाएका विनियम, नीति, कार्यविधि र स्वनियम अनुसार संस्था सञ्चालन गर्दछन्। सायद यै सजिलो नियमका कारण आज सञ्चालकहरु बलिया मात्र होइन शेयर रकम र बचत मनोमानीसँग अपचलन गर्न सक्नेसम्मका भएका हुन् कि ?

अन्तर्राष्ट्रिय मान्यता यो छ कि, सदस्यहरुले सहकारी संस्थाको सेवाको उपभोग गर्दछन् र सहकारीप्रतिको दायित्व पनि पूरा गर्दछन्। यहाँ त के भयो भने, सञ्चालकहरुले सहकारीबाट सेवा पनि नलिने बचत चाहिँ अपचलन गर्ने तर दायित्व पनि पूरा नगर्ने खालका हुँदै आएका पाइन्छन्। यिनीहरुले यी दुईवटै कर्तव्य भुल्न थोलेका पाइन्छन्। त्यसैले सहकारीहरु असुरक्षित हुन थालेका हुन्। सहकारीलाई सुरक्षा थ्रेट दिन बाहिरका मानिसहरु कहाँ आएका हुन् र ? सहकारीभित्रैका मानिसहरुले सुरक्षा थ्रेट सृजना गरेका हुन्, जानकारहरुको भनाइ यस्तै छ। सञ्चालक, कर्मचारीहरु खराब भएपछि निर्जिव सहकारी संस्थाको के दैया चलोस्।

सन् २०३० सम्ममा सबै सहकारी संघ-संस्था प्रविधिमैत्री भइसक्ने छन् भन्ने राष्ट्रिय सहकारी संघ नेपालले कार्य योजना बनाएको पढ्न पाइन्छ। अनि फेरी सहकारी संघ-संस्थाको संख्या घटाएर १० हजारमा झार्ने योजना समेत अभियानले लिएको पाइन्छ। नेपालका सहकारीहरुको बिग्रँदो हालतबीच कसरी यी काम पूरा गर्न सक्दो हो संघले ? प्रविधिकै दुरुपयोग गरी बचत अपचलन भएका भनिन्छन्।

प्रविधि कसरी बलियो बनाउन सकिएला ? संख्या कम हुँदैमा समस्या समाधान हुने होइन। सहकारी लघुवित्त या बैंक जस्तो होइन। एक क्षेत्रमा अर्को क्षेत्रको सहकारी आएर हुन्छ र ? जुन ठाउँ हो त्यहींका बासिन्दाले गठन गरेको सहकारी हुनु राम्रो। अपनत्व हुन्छ। सहकारी राम्रो बनाउन त प्रणाली भरपर्दो हुनुपर्छ होला। जसलाई कसैले पनि तोड्न नसकोस्।

अर्कातिर सहकारी अभियन्ता या आन्दोलनकर्मी या विज्ञहरुले विभिन्न माध्यममा गतिलै सुझाव दिएका पाइन्छन्। तर, ती सुझाव या उपायहरु आदर्श वाक्यहरुमात्र लाग्दछन्। सहकारी सुरक्षित बनाउने उपाय नहुने भन्ने छैन। धेरै सहकारी त स्थानीय तह मार्फत आइसकेका छन्। प्रदेश या संघ मातहतकै सहकारी भएपनि आखिर सदस्य, कर्मचारी, सञ्चालक र ऋणीहरु कुनै न कुनै पालिका कै बासिन्दा हुन्छन्।

बरु पालिकाहरुले डिफल्ट सदस्य, कर्मचारी, सञ्चालक र ऋणीलाई पालिकाबाट दिइने सेवा ठप्प पारिदिनु हो भने सहकारी छिटै नै सुरक्षित हुँदै आउँछन्। एउटा उदाहरण लिऔं, लघुवित्त, वित्तीय कम्पनी र बैंकहरुलाई नियमन गरेर ट्र्याकमा राख्न एउटै राष्ट्र बैंक काफी छ। हो यस्तै अधिकार सम्पन्न एउटा नियामक निकाय पो चाहिन्छ कि ? जसले भनेको जुन कुनै सहकारीले मान्नै परोस्। गलत गरे कारवाहीको भागिदार बन्नै परोस्।

# गुरूपूर्णिमा : इतिहास र महत्व

हरि उपाध्याय

हिन्दु सनातन धर्म परम्परा अनुसार असार शुल्क पूर्णिमाको दिनलाई गुरु पूर्णिमा या व्यास पूर्णिमाको रूपमा मनाइन्छ। कुनै पनि धर्म, संस्कार र सस्कृति पछाडि समुदायको इतिहास, परम्परा र गहिरो सामाजिक विज्ञान जोडिएको हुन्छ। त्यसैगरी यो दिनको पनि निकै पुरानो इतिहास र महत्व हिन्दु सनातन धर्म संस्कृतिमा छ।


प्रसिद्ध हिन्दुशास्त्र बेदहरूको संकलन, सम्बर्द्धन र महाभारतको रचना गरेका महान महर्षी श्री कृष्णद्वेपायन अर्थात वेद व्यासजीको जन्म दिवस हो, उनले हिन्दु सनातन धर्म अन्तर्गत छरिएर रहेका शास्त्रहरूलाई आफ्नो ध्यान, साधना र तपोबलले एकत्रित र रचना गरी शिष्यहरूलाइ बाँडेका थिए। उनले गरेको यो योगदानका कारण नै ती विभिन्न शास्त्रको माध्यामबाट गुरु-शिष्य परम्परा हुँदै आम जनमानसमा ज्ञानको ज्योति फैलिएको विश्वास छ।

शास्त्रमा भनिएको झैं गुरु बिना यो संसार अन्धकार छ, अर्थहीन छ त्यसैले मानव जीवनमा गुरुको महत्व निकै छ र मानव जीवनलाई ज्ञानद्वारा प्रज्वलित बनाउने समस्त गुरुजनहरू प्रति समर्पित गर्दै गुरुलाई भेटेर पुजन आदिसहित गुरु दक्षिणा अर्पण गरेर यो दिन मनाइने प्रचलन छ। शास्त्र अनुसार गुरु भन्नाले (गुः अन्धकार, रुः मेटाउने काम) ज्ञानको माध्यमबाट अज्ञानताको अन्धकारलाई मेटाउने तत्वलाई गुरु भनिन्छ र पूर्णिमा भन्नाले पूर्ण चन्द्र अर्थात् कुनै पनि कर्मको पूर्णताको अवस्था भनेर बुझिन्छ।

त्यसैले गुरूपूर्णिमा मानव प्राणीमा भएको अन्धकारको अन्त्य भइ ज्ञान प्राप्त गर्ने कामको पूर्णता भएको दिनको उत्सवको रूपमा पनि यसलाई मनाउने गरिन्छ। हिन्दु सनातन धर्म शास्त्र अनुसार मानव जगतमा गुरुलाई सर्वश्रेष्ठ र पूज्य स्थानमा राखिएको छ, यसको चर्चा विष्णुपुराण, रामायण, स्कन्दपुराण, भागवत, उप-निषद्हरू सबैतिर उल्लेख छ र गुरुगितामा उल्लेखित तलका पंतिहरूले यसलाई पुष्टी गर्दछन्।

*गुरु ब्रम्हा गुरु विष्णु गुरुदेवो महेश्वर !*
*गुरु शाक्षात परव्रह्मातस्मै श्री गुरवे नम !!*

अर्थात् यो सृष्टीका रचनाकार (ब्रम्हा) पनि गुरु, सञ्चालानकर्ता (विष्णु) पनि गुरु, संहारकर्ता ( महेश्वर) पनि गुरु नै हुन्, गुरु नै त्यो परमतत्व हुन् जसबाट यो चराचर जगत सञ्चालित छ त्यस्ता सद्गुरुदेवलाई मेरो सादर प्रणाम छ। यसरी मानवलाई यो सृष्टिको अस्तित्व, सञ्चालन प्रक्रिया र जीवनको सार्थकताबारे ज्ञान प्रदान गर्ने गुरुनै परब्रम्हको रूपमा मानिएको छ।



संसारमा आज मानवले सर्वोत्कृष्ट काम, आविस्कारहरू र अन्वेषणहरू गरी अपत्यारिला नतिजाहरू हात पारिरहेको छ। तर, त्यो आफै स्वभाविक रूपले पक्कै भएको हैन, हाम्रो इतिहासलाई फर्केर हेर्‍यौं या अझै जो ज्ञानबाट वञ्चित छन्। उनीहरूलाई हेर्‍यौं भने शिक्षा र ज्ञानको महत्व बुझ्न सक्दछौं र त्यो ज्ञान गुरुको कृपा बिना सम्भव थिएन र छैन पनि त्यसैले पनि गुरुको महिमा उच्च रहेको छ।

आदि व्यासको रूपमा स्वयम् शिवले नै शुरु गरेको यो गुरूपरम्परा मनु, उसना, बृहस्पति, सविता, त्रिविसा, भारद्वाज, धर्म, सचक्षस, त्रैयासति, धनन्जय, ऋतुन्जय, भरद्वाज, गौतम, उत्तम, वचश्रवसवेण, त्रिनाविन्द, वाल्मिकी, शक्ति, परासर, श्रीकृष्णद्धपायन (बेदव्यास) गरी विभिन्न महर्षीहरूद्वारा ज्ञानको प्रक्रियालाई शिष्यहरूमा प्रवाहित गरी मानवप्राणीलाई आफूभित्रको तत्वको अस्तित्वलाई साक्षात्कार गरी प्रयोजन गर्न योग्य बनाउने कुराको महान कृपा भएको शास्त्रहरूमा उल्लेख छ।

२८औं व्यासका रूपमा आजभन्दा करिब पाँच हजार वर्ष पूर्व (ई.पु. ३०००) महर्षी वेद व्यासले चार बेदको दिव्य ज्ञानलाई संग्रहित गरी प्रवाहित नगरेको भए महाभारतको सिर्जना नगरेको भए आज मानव जातिको यति धेरै सभ्यताको विकास सम्भव थिएन। जुन गुरु-शिष्य परम्परा हुँदै पुस्ता हस्तान्तरण भइ हालसम्म पनि रही आएको छ। यही गुरु परम्परा समयानुकूल परिमार्जित हुँदै विद्यालय, क्याम्पस, विश्वविद्यालयको माध्यमबाट अनिवार्य शिक्षाको रूपमा विकसित भएको देखिन्छ।

विज्ञान र प्रविधिको विकासका कारण शिक्षाले अकल्पनीय फड्को मारेता पनि पहिले जस्तो गुरु र शिष्य बीचको निष्ठा, शिक्षा र ज्ञान प्रतिको आदर र विश्वास अनि सम्मानको संस्कार भने हराएर गुरु र ज्ञानकोसमेत आदर कम हुँदै गइरहेको आजको समयमा यो दिनले उक्त सस्कार पुनर्स्थापन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिन्छ। श्री श्री १००८ श्री रविशंकर गुरुजीले यो दिन आफूमा भएको आत्मज्ञान, उपलब्धि र सफलताको स्वमूल्यांकन गरी उक्त उपलब्धि र सफलताको श्रेय गुरुदेवलाई अर्पित गर्दै मनाउने दिनका रूपमा पनि गुरु पूर्णिमा रहेको कुरा व्यक्त गर्दछन्। यसरी हेर्दा यस दिनले आफूमा भएका महान सर्वश्रेष्ठ गुणहरू र सफलताहरूको पछाडिको श्रेय अरुलाई प्रदान गरी मानवीय चरित्रलाई सम्वर्द्धन गरेको पाइन्छ।

साथै असार शुक्ल पूर्णिमाले पृथ्वी र सूर्यको स्थान परिवर्तनको पनि संकेत गर्दछ, यो दिनदेखि पृथ्वीमा दक्षिणायन अर्थात सूर्य दक्षिणतर्फ हुँदै परिक्रमा गर्नेछन्। र, आजकै दिनदेखि चतुर्मास अर्थात् भगवान विष्णु चार महिनासम्मका लागि साधनमा लिन हुने समयको शुरुवातीका रूपमा पनि यो दिनलाई लिइन्छ। त्यसैले यो दिनदेखि चार महिनासम्म ध्यान, साधना, धर्म, कर्म, पूजन, जप, तप अर्थात् धार्मिक कार्यका लागि उत्तम समय पनि मानिन्छ।

यो वर्ष गुरूपूर्णिमा भोलि असार ३१ गरे रहेको र यसै दिन खग्रास चन्द्रग्रहण समेत रहेकाले यस वर्षको गुरूपूर्णिलाई विशेष रूपमा लिइएको छ। यो अवधिमा गरेको साधना, ध्यान, जप, तप आदिको फल अन्य सामान्य अवस्थामा भन्दा तीन गुणा धैरै प्राप्त हुने कुरा ज्योतिषहरू बताउँछन्। *साझा बिसौनी*



**धानको बीऊ काढ्दै किसान** | सुनसरीको इनरुवा–८ मा धानको बीऊ काढ्दै किसान । अविरल वर्षापछि डुवान भएको खेतमा यतिबेला किसानलाई धान रोप्न धमाधम छ । *तस्वीर : रासस*

# सटकेमा पुल नहुँदा समस्या

□ युद्धबहादुर बोहोरा

**इलाम, साउन ५।** जब पानी पर्न थाल्छ अनि छ वटा साना खोल्साहरु र डाँडाको भलसहित सटके खोलामा उर्लेर आउँछ । यसबेला बाटो काट्नेहरुलाई धौ-धौ पर्छ । खोलामै बास बस्नु कि फर्किनु भन्ने पीर खेपिरहेका छन् इलाम फाकफोकथुम-१ खाम्बाङ र ठिंगेपुर टोलका स्थानीयबासीहरु ।

उनीहरु दिनहुँ सटके खोला तर्न भैंसेटार भन्ने ठाउँको बाटो हिड्ने गर्दछन् । हिउँदको समयमा खोलामा पानी कम हुने र बाटो छोटो भएका कारण वडा कार्यालयमा सेवा लिन जाने सेवाग्राही पनि यही बाटो हिड्ने गरेका छन् । तर, वर्षायाम सुरू भएपछि खोला वारपार गर्नुपर्दा जोखिमपूर्ण तवरले बाँसको कच्ची पुल बनाएर खोला तर्नुपर्ने बाध्यताका कारण सो क्षेत्रका स्थानीयबासी मारमा परेका छन् ।

स्थानीय मिलेर वर्षेनि बाँसको पुल हाल्छन् । केही दिन टिक्न नपाई भलबाढीले कतिबेला बगाउँछ पत्तै हुँदैन । उनीहरुलाई खोला तर्न र पुल बनाउन हैरानीसँगै उत्तिकै पीडा छ । यही पीडाको प्रमुख शिकार बनेका छन् १ नम्बर वडा निवासी गणेश प्रसाद भट्टराई । उनी पेशाले शिक्षक हुन् । हालसम्म उनले कुनै सवारीसाधन चलाउन सिकेका छैनन् अनि सधैंभर पैदलयात्रा गर्ने गर्दछन् । पानी पर्न थालेपछि मनमा त्रास बोक्दै दैनिक बिहान स्कूल जाने गर्छन् ।



घरबाट स्कूल पुग्न करिब दुई घण्टा लाग्छ । उनले शिक्षण गर्ने विद्यालय पालिकाको यसै वडामा अवस्थित ज्योति आधारभूत विद्यालय हो । उनी यस संस्थाका प्रधानाध्यापक हुन् । उनी हिँड्ने बाटो निकै जोखिम छ । नपत्याउँदो खोला भेलबारी आउने गर्छ । मनमा त्रास लिएर उनी सधैंभरि हिँड्ने गर्छन् । जब बर्खा शुरु हुन्छ उनलाई खोलाकै पिर हुन्छ । उनी भन्छन्- 'अब उमेरका हिसाबले जागिर खान छ वर्ष बाँकी छ । खोला तर्नका पिरले अहिलेनै पो जागिर छोडौं कि जस्तो लाग्छ कहिलेकाहीँ त ।'

अहिले बर्खाको सिजनमा यस ठाउँका स्थानीय मिलेर असार २१ गते स्थानीय २० जना मिलेर लगभग १५ मिटर लामो, डेढ मिटर फराकिलो बाँसको पुल लगाएका छन् । बाटोमा दिनहुँ धेरै मानिसहरू हिँड्ने गर्छन् । किनभने पुरानो मूल बाटो र छोटो बाटो भएकै कारण यो बाटो बारेमा जानकार मान्छे आउँछन् । तर, खोलाबाढी आएपछि तर्न नसकेर फर्किन बाध्य छन् ।

ठूलो पानी दैनिक पर्दा जोखिम मोल्दै हिँड्नुपर्ने बाध्यतालाई अन्त्य गर्नका लागि सम्बन्धित निकायले तत्काल पुलको व्यवस्था नगरे मानवीय क्षति हुन सक्ने स्थानीय बताउँछन् । यसतर्फ बेलैमा ध्यान दिन जरुरी छ । दीर्घकालीन सडक निर्माणसँगै पुलको पनि ग्रामीण भेगमा उत्तिकै आवश्यकता देखिन्छ । बाँसको पुलबाट त्रासमा यात्रा गर्नुपर्दा यस ठाउँका स्थानीयबासीले भोग्नु परेको समस्या प्रति स्थानीय, प्रदेश र संघीय सरकारले बेलैमा ध्यान दिनुपर्ने सरोकारवालाहरुको भनाइ छ ।

# तीन हजार फलफूलका बिरुवा रोपिने



**मोरङ, साउन ५।** मोरङको सुन्दरहरैंचा नगरपालिका वडा -५ स्थित नमूना सामुदायिक क्षेत्रभित्र रहेको पर्यटकीय क्षेत्र हसिना सिमसारमा तीन हजार फलफूलका बिरुवा रोपिने भएको छ ।

शनिबारदेखि शुरु भएको बिरुवा रोप्ने कार्यक्रमको पहिलो दिन पाँच सय फलफूलका बिरुवा रोपिएको छ । नमूना सामुदायिक वन उपभोक्ता समितिको आयोजनामा तीन फलफूलका बिरुवा रोप्न लागिएको हो । सिमसारभित्र रहेका विभिन्न बन्यजन्तुलाई लक्षित गरी फलफूलका मात्रै अम्बा, आप, कटहर, बढ़हर, श्याम कटहर लगायतका बिरुवा रोप्न लागिएको नमुना सामुदायिक वन उपभोक्ता समितका अध्यक्ष घनश्याम न्यौपानेले जानकारी दिए ।

'साउन र भदौ महिनासम्म हाम्रो तीन हजार फलफूलका बिरुवा रोप्ने लक्ष्य हो' -अध्यक्ष न्यौपाने भने- 'यो गाउँ खेती किसान गरेर ल्याएर घरमा राखेको अन्न जंगली जनावरले नखाउन भनेर जनावरको आहाराको लागि फलफूलको बोटो बिरुवा रोप्न लागेका हौं ।' फलफूलका बिरुवा सामुदायिक वनले खरिद गरेर ल्याएको र बिरुवा रोप्न सबैले श्रमदान पर्नुपर्ने उनले बताए ।

चराचुरुंगीहरुको लागि पनि जामुन लगायका बिरुवा रोप्न लागिएको बताउँदै उनले इच्छा हुने जो कोहीले पनि बिरुवा किन्न नपर्ने र आएर दुई वटा बिरुवा रोपेर पुण्यको काम गर्न पनि सबैमा अनुरोध गरेका छन् । हसिनामा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन, पर्यटन प्रवर्द्धन र विकास गर्नको लागि फल दिने बोटबिरुवा लगाउने कार्य प्रशंसायोग्य रहेको सुन्दरहरैचाका निवर्तमान नगर प्रमुख शिवप्रसाद ढकालले बताए ।

बेला-बेलामा यस क्षेत्रका स्थानीयहरुलाई हात्ती लगायत जंगली जनावरहरुले दु:ख दिने गरेको भन्दै फलफूलका बिरुवा रोप्दा उनीहरुलाई आहारा हुने, बस्तीभित्र छिरेर आक्रमण नगर्ने भएकाले त्यस्ता घटना न्यूनीकरण गर्न सहयोग पुग्ने ढकालले बताए ।

फलफूल जंगली जनावरको आहारा मात्र नभएर त्यो बेचेर त्यहाँबाट पनि वन तथा हसिनाले आम्दानी गर्न सक्ने बताए । उपभोक्ता समितिका सदस्य उदय फुयालले अहिले जति पनि साथीहरुले जनश्रमदानबाट बिरुवा रोपेका छन् त्यसलाई पानी हाल्ने, बारबेरा गर्ने, गोडमेल गर्नेदेखि फल नलाग्दासम्म सबै काम वन र हसिना सिमसारले गर्ने बताए ।

हसिना सिमसार क्षेत्रको पछिल्लो समय विकासले गति लिएको छ भने सिमसार क्षेत्रलाई कोशी प्रदेशकै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्य रहेको सिमसार संरक्षण समितिको भनाइ छ ।

# नैरोबी फ्लाई : जोखिम र उपचार

नैरोबी फ्लाई एक प्रकारको झिँगा हो जुन पूर्वी अफ्रिकाबाट फैलिएको हो । यो लगभग एक सेन्टिमिटर लामो हुन्छ । यो झिँगा हेर्दा कमिला जस्तो लामो र सलक्क परेको देखिन्छ । यसको पछाडिको भाग चुच्चो र माथि उठेको हुन्छ । धेरैजसो नैरोबी फ्लाईको टाउको बीच भाग र पुच्छर चम्किलो कालो हुन्छ भने अरू भाग रातो वा खैरो रङ्गको हुन्छ । यसको खुट्टा पनि कालो र रातो रङ्गको हुन्छ ।

नेपालमा नैरोबी फ्लाईको जोखिम बर्खायाममा बढी हुन्छ । यस समयमा गर्मी तथा चिस्यान बढी हुने भएकाले नैरोबी फ्लाई बढी सक्रिय रहन्छ र यसको वृद्धि विकासका लागि अनुकूल मानिन्छ । काठमाण्डौलगायत देशका विभिन्न ठाउँमा नैरोबी फ्लाईको जोखिम छ । तर, विशेषगरी तराई क्षेत्रहरु चितवन, झापा, मोरङ, सुनसरी लगायतका ठाउँमा यसको जोखिम धेरै देखिएको छ ।

नैरोबी फ्लाईले टोक्ने गर्दैन । यसलाई छोएर, मिचेर वा मार्न खोज्दा यसले पेडेरिन नामक रसायन निकाल्छ । यो रसायन मानिसको छालामा पर्दा आगोले पोलेको जस्तो असर गर्छ । जसले गर्दा चहऱ्याउने, चिडचिडापन, रातोपन, घाउ र छालामा असहजता जस्ता समस्या हुन सक्छन् । तर, नैरोबी फ्लाईको असरले स्वास्थ्यमा गम्भीर जटिलता भने उत्पन्न हुँदैन ।





यसले छालामा एलर्जी र पानीका फोका आउने समस्या उत्पन्न गर्छ । फोका निस्केको ठाउँमा बिस्तारै घाउ बन्छ र घाउको बीचबाट छाला निस्कन्छ । जसका कारण घाउ वरिपरिको छाला रातो हुन्छ । यदि नैरोबी फ्लाईको विष छालामा लामो समयसम्म रह्यो भने यसले सङ्क्रमण फैलिन सक्छ, तर आत्तिनु पर्दैन । सम्पर्कमा आएको भागसँग शरीरको अन्य भाग सम्पर्कमा आयो भने अन्य भागमा रसायनले असर गर्छ । शरीरको सम्पर्कमा आइहाले, किराले छोएको ठाउँलाई साबुनपानीले राम्ररी पखाल्नुपर्छ । घाउ भएको ठाउँमा छोएर अर्को ठाउँमा छुनु हुँदैन । सामान्य अवस्थामा यसको असर कम्तीमा पनि एक हप्तासम्म रहन सक्छ र यस बेलासम्म पोल्ने र दुख्ने समस्या रहन्छ ।

शुरुको अवस्थामा पोलेको ठाउँमा भ्यासलिन वा बरफ लगाएर दुखाइ कम गर्न सकिन्छ । बढी दुख्ने वा छाला बिग्रन थाल्नेजस्ता जटिलता आउन थाल्यो भने छालारोग विशेषज्ञ वा नजिकैको अस्पतालमा देखाउनुपर्छ । जटिलता भएको अवस्थामा दुईदेखि तीन हप्तामा घाउ निको भइसक्छ ।

नैरोबी फ्लाई रातमा बढी सक्रिय हुन्छ । यस समस्याबाट बच्नका लागि मुख्य उपाय भनेको नैरोबी फ्लाईको सम्पर्कमा नआउनु हो । रातको समयमा अनावश्यक बत्ती नबाल्ने, घरको झ्याल ढोकामा जाली हाल्ने र बेलुका भएपछि झ्याल ढोका बन्द गर्ने उपायहरू अपनाउनुपर्छ । घरबाहिर निस्कँदा शरीर ढाक्ने लुगा लगाउनुपर्ने डा. विकास पौडेलले बताए ।

यदि कीरा शरीरमा आइहाल्यो भने नआत्तिने र त्यसलाई नमार्ने । यस्तो अवस्थामा किरालाई छुनु हुँदैन, बरु फुक्ने वा कुनै कपडा वा चिजले भगाउने उपाय अपनाउन सकिन्छ । रातिमा कीराबाट बच्न झुल प्रयोग गर्ने, सुत्नुभन्दा पहिले कोठा राम्रोसँग सफा गर्ने, किराको सम्भावित प्रजनन स्थलहरू जस्तै- घर नजिकको झाडी, फोहोर वा चिस्यानयुक्त ठाउँलाई सफा र सुक्खा राख्ने गर्नुपर्छ । धेरैले नैरोबी फ्लाईको सम्पर्कमा आइसकेपछि अनावश्यक क्रिम प्रयोग गर्ने गर्छन् । तर, डाक्टरको सल्लाहविना कुनै औषधि प्रयोग गर्नु हानिकारक हुन सक्छ ।

यसपाली नेपालमा नैरोबी फ्लाईको जोखिम बढ्न सक्ने सम्भावना छ । नेपालमा नैरोबी फ्लाईको जोखिम एक वर्षको अन्तरालमा देखिने गरेको छ । यसको विषले छालामा असहजता र पोल्ने समस्या उत्पन्न गर्छ । तर, यसको असर प्रायः सामान्य हुन्छ र केही दिनमा आफैं निको हुन्छ । यसबाट बच्न सतर्कता अपनाउनु आवश्यक छ र कुनै पनि प्रकारको जटिलता देखिएमा डाक्टरको परामर्श लिनुपर्छ ।

ताजा र विश्वसनीय समाचारका लागि
www.purwanchaldaily.com
लगइन गरौं ।

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

बराल ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra


सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।

सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, तर, अन्त्यमा इष्टमित्रले साथ दिनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कार्यसिद्धि हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनु होला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सतर्श रहनुहोला । सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नाले तपाईको मन हर्षित हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आज तपाईको मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, आज तपाईको व्यर्थको यात्रा हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, आज तपाईको मन पनि प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आज तपाईको मन प्रशन्न रहला, स्वास्थ्य लाभ हुनुका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय हुनेछ, जनघटले खर्च बढेर जानेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग रहेको छ, पराक्रममा वृद्धि होला, आफन्तजनको भरपुर सहयोग प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ त्यसैले आज सशर्त रहनुहोला, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।